Reliable Life
INSURANCE LTD.
...Reliable Forever

# रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड
# Reliable Nepal Life Insurance Limited

प्रधान कार्यालय, ज्ञानेश्वर, काठमाडौं
फोन नं. ०१-४५२३६१८, ४५२३६३०
Email: info@reliablelife.com.np, Website: www.reliablelife.com.np

## जग्गा खरिद सम्बन्धि शिलबन्दी बोलपत्र आव्हानको सूचना

**सूचना प्रकाशित मिति : २०८१/११/०१**

यस कम्पनीले तपशिल बमोजिमका स्थानहरुमा तपशिल बमोजिमका शर्तहरुको अधिन भित्र रही जग्गा वा सो मा बनेको भवन खरिद गर्नु पर्ने भएको हुनाले इच्छुक धनीहरुबाट यो बोलपत्र प्रकाशित भएको मितिले (३५) पैतिस दिन भित्र शिलबन्दी प्रस्ताव आव्हान गरिन्छ ।

### तपशिल

१. काठमाण्डौ उपत्यका : ज्ञानेश्वर, डिल्लीबजार, पुतलिसडक, नक्साल, बानेश्वर लगायत चक्रपथ भित्रका उपयुक्त व्यवसायिक स्थानमा न्यूनतम १२ आना वा ३८२ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

२. कोशी प्रदेश : बिर्तामोड, इटहरी, बिराटनगरमा न्यूनतम १ कट्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

३. मधेश प्रदेश : लहान, जनकपुर, बर्दिबासमा न्यूनतम १ कट्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

४. चितवन जिल्ला : न्यूनतम १ कट्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

५. लुम्बिनी प्रदेश : बुटवल, भैरहवा, नेपालगञ्ज, दाङमा न्यूनतम १ कट्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

६. गण्डकी प्रदेश : पोखरा, गैंडाकोटमा न्यूनतम १२ आना वा ३८२ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

७. कर्णाली प्रदेश : बिरेन्द्रनगर बजारमा न्यूनतम १ कट्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

८. सुदुरपश्चिम प्रदेश : अत्तरीया, धनगढी, महेन्द्रनगरमा न्यूनतम १ कट्ठा वा ३३८ वर्ग मिटर जग्गा वा सोमा बनेको भवन समेत ।

### शर्तहरू :

१. बिक्री गरिने जग्गाको (Minimum) क्षेत्रफल माथि उल्लेख गरिए बमोजिम हुने र जग्गाको मोहोडा कम्तिमा ४० फिट सडक संग जोडिएको वा मुख्य बजार क्षेत्र भन्दा ५०० मि. भित्र तराइको हकमा कम्तिमा २० फिट फराकिलो तथा उपत्यकाको हकमा कम्तिमा १२ फिट फराकिलो बाटो भएको हुनुपर्ने छ ।

२. बिक्री गरिने जग्गाको प्रति रोपनी/प्रति आना/प्रति कट्ठा/धुर मुल्य स्पष्ट खुल्नेगरि अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, सो सम्बन्धमा कुनै बिवाद उठेमा अक्षरमा लेखिएको मुल्यलाई मान्यता दिइनेछ ।

३. प्रस्तावित जग्गाको ब्लु प्रिन्ट, ट्रेस नक्सा, फोटो सहीतको (Location Map)

४. प्रस्तावित जग्गाको प्रमाणित रुपमा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी, जग्गा धनीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, चालु आ.ब. को तिरो (मालपोत) तिरेको रसिदको प्रतिलिपी संलग्न हुनु पर्नेछ ।

५. संस्थागत जग्गाको हकमा जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी प्राप्त व्यक्तिको पहिचान तथा अख्तियारीनामा कागजात समेत पेश गर्नु पर्ने छ ।

६. प्रस्ताव पेश गर्दा खाममा "रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको लागि जग्गा बिक्री प्रस्ताव" उल्लेख गरी शिलबन्दी बोलपत्र म्याद भित्र कम्पनीको **केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौं** वा पोष्ट ब. नं. ६४३ मा पठाउनु पर्नेछ ।

७. उल्लेखित जग्गाको सम्बन्धमा कुनै प्रकारको विवाद, मुद्दा मामिला नरहेको, मोहियानी हक नरहेको बिक्री गर्ने व्यक्तिको जग्गा हदबन्दी भन्दा बढी नभएको र सोको स्वः घोषणा जग्गाधनीले पेश गर्नु पर्नेछ ।

८. बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, एवम् अन्य संस्थाको स्वामित्वमा रहेको जग्गालाई विशेष प्राथमिकता दिईनेछ ।

९. प्रस्तावित जग्गा खरिदको प्रकृया अगाडि बढाउने/नबढाउने, खरिद गर्ने/नगर्ने, सर्तमा सामान्य हेरफेर गर्ने नगर्ने सम्पूर्ण अधिकार कम्पनी सँग सुरक्षीत रहनेछ ।